**नेपाल राष्ट्र बैंक**

**प्रेस समाचार**

## आप्राकाको उन्नाइसौं साधारणसभा सम्पन्न : नेपाल राष्ट्र बैंक उपाध्यक्षमा चयन

एसिया प्रशान्तक्षेत्रीय ग्रामीण तथा कृषि वित्त संगठन (Asia Pacific Rural and Agricultural Credit Association : APRACA) को चौसट्ठीयौं कार्यकारी समिति तथा उन्नाइसौं साधारण सभा बंगलादेशको राजधानी ढाकामा मे १८-२०, २०१४ मा सम्पन्न भयो । उक्त सभाले बंगलादेश बैंकलाई आप्राकाको Chairman र नेपाल राष्ट्र बैंकलाई Vice Chairman मा सर्वसम्मतिले चयन गरेको छ । त्यसै गरी सदस्यका लागि आवेदन दिएका Bank Jateng, Indonesia, Alayasa Sa Kaunlran, Philippines र साना किसान विकास बैंक, नेपाललाई आप्राकाको नया सदस्यता प्रदान गरेको थियो । सभाले २०१५ मा आप्राकाको कार्यसमितिको बैठक बैंक अफ सिलोन, श्रीलंकामा र आगामी २०१६ मा हुने २० सौं साधारण सभाको आयोजना आप्राकाको उपाध्यक्ष रहेको मुलुकले गर्ने प्रथा अनुरूप नेपालमा गर्ने निर्णय गरको छ ।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकबाट डेपुटी गभर्नर महा प्रसाद अधिकारी र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक डा. वामदेव सिग्देलले भाग लिनुभएको थियो । सो बैठक तथा साधारण सभामा एसिया प्यासिफिक र दक्षिण एशियाका २१ वटा राष्ट्रका केन्द्रीय बैंकहरू, वणिज्य बैंकहरू, सहकारी/कृषि बैंकहरू, लघुवित्तीय संस्थाहरू, IFAD लगायतका दातृ संस्थाहरूका करिब ११० सहभागीहरूको प्रतिनिधित्व रहेको थियो ।

यसै अवसरमा साना किसान तथा समुदाय सम्बन्धमा जोखिम व्यवस्थापन सम्बन्धी गोष्ठी मई १९-२०, २०१४ मा सम्पन्न भएको थियो । बंगलादेश बैंकका गभर्नर Dr. Atiur Rahman को मुख्य आतिथ्यमा सो गोष्ठी सम्पन्न भएको थियो ।

आप्राकाको उपाध्यक्षका रूपमा सर्वसम्मत चयन भए पछि नेपाल राष्ट्र बैंकद्वारा डेपुटी गभर्नर श्री अधिकारीलाई उक्त जिम्मेवारी प्रदान गरिएको छ । उपाध्यक्षका रूपमा चयन भएबाट नेपाललाई आप्राकाका कृयाकलापहरू विस्तारित गर्दै संस्थाहरूलाई दिगो, विश्वस्त र लोकप्रिय गराउँदै लैजाने थप जिम्मेवारी बढेको छ । उपाध्यक्ष चयन भएपछि एक सन्देश दिँदै उपाध्यक्ष अधिकारीले एसिया प्रशान्त क्षेत्रमा कृषि तथा ग्रामीण वित्त प्रवर्द्धनका क्षेत्रमा आगामी दिनमा थप उपलब्धि हासिल गर्न अझ क्रियाशील रहने र यसका लागि सदस्यहरूबाट सदाझैं सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्नुभएको छ :



[It is really a great privilege for me to express few words of our gratitude and appreciation to the member institutions of APRACA for electing Nepal Rastra Bank as the Vice-Chairman for the next biennial 2014-16. As we all are aware that the APRACA is a regional forum for promoting rural and agriculture credit in the Asia Pacific region, playing role of knowledge depository, mutual learning and experience sharing platform for member institutions since its inception in the year 1977. Nepal Rastra Bank is one of the active members of APRACA and we believe that being a member-driven institution, its future rests totally on its member institutions and their active participation......... उपाध्यक्ष अधिकारीको यस सन्देशको पूर्ण पाठ आप्राकाको वेवसाइटमा उपलब्ध छ ]

आप्राकाका EXCOM सदस्यहरू र अन्य साधारण सदस्यहरू एशिया तथा प्यासिफिक राष्ट्रका केन्द्रीय बैंक, वाणिज्य बैंक, कृषि बैंक, सहकारी संस्थाहरू तथा फेडेरेसनहरू, गैर-सरकारी संस्थाहरू र ग्रामीण/लघु वित्तमा कार्यरत संस्थाहरूको प्रतिनिधित्व गर्ने गरेको र यिनीहरूको ध्यान सदस्य संस्थाका मुलुकका कृषि र ग्रामीण वित्तको विकास तथा गरिबी न्यूनीकरणसँग केन्द्रित रहेबाट यस विषय अन्तरगतका क्षेत्रीय साझा सवालहरूलाई नीतिगत र कार्यगत रूपमा क्रमशः एकरूपता गर्दै लैजाने जिम्मेवारी नेपाल राष्ट्र बैंक सामु आएको छ । एशियाली मुलुकमा कृषि, ग्रामीण वित्त र लघु उद्यममा कार्य गर्दै आएका लघुवित्त, सहकारी लगायत क्षेत्रसँग सम्बन्धन रहेका संस्थाहरूलाई सदस्यता दिलाउँदै लैजानु उपाध्यक्षको हैसियतले नेपालले आगामी वर्षहरूमा पहल गर्दै जाँदा आप्राकाको वित्तीय अवस्थामा यस प्रकृयाले सघाउ पुऱ्याउने देखिएको छ ।

मिति २०७१।३।१ गभर्नरको कार्यालय